भोटेकोशी नदीमा आएको बाढीको कारण उत्पन्न अवस्था

२०८३ भाद्र १० गते देखि २०८३ असोज २७ गते बेलुका ६:०० बजेसम्मको विवरण

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बिदुर,नुवाकोट

१. मानवीय उद्धार, बेपत्ता र शव सम्बन्धी विवरण

उद्धार संख्या

३,६३० उद्धार संख्या	नेपाली नागरिक		विदेशी नागरिक		
	पुरुष	महिला	पुरुष	महिला	
	१,९८५	१,३८७	२३२	२६	२०८३ भाद्र १० गतेदेजि असोज २६ गतेसम्म
	०	०	०	०	२०८३ असोज २७ गते बेलुका ६:०० बजेसम्म

शव निकालिएको संख्या

२०५ शव निकालिएको	पुरुष	महिला	लिङ्ग पहिचान नभएको	घाइते	
	५१	४८	१०६	६६	२०८३ भाद्र १० गतेदेजि असोज २६ गतेसम्म
	०	०	०	०	२०८३ असोज २७ गते बेलुका ६:०० बजेसम्म

बेपत्ताको संख्या

२,७२३ बेपत्ता संख्या	नेपाली नागरिक		विदेशी नागरिक		नखुलेको	
	पुरुष	महिला	पुरुष	महिला		
	१,९०१	४६७	१८०	१७५	०	२०८३ भाद्र १० गतेदेजि असोज २६ गतेसम्म
	०	०	०	०	०	२०८३ असोज २७ गते बेलुका ६:०० बजेसम्म

*जिल्ला प्रशासन कार्यालयमा टिपिएको बेपत्ता संख्या विवरण समेत गणना गरिएको।

२. भौतिक पुर्वाधार क्षतिको विवरण

पूर्ण: ६ आंशिक: ३	पूर्ण: १७ आंशिक: ०	पूर्ण: १८ आंशिक: ०
विद्यालय	पक्की पुल	झोलुङ्गे पुल

प्रशासकीय अधिकृत

सरकारी सवारी साधन	सडक	सरकारी कार्यालय
पूर्ण: ६१ आंशिक: ०	पूर्ण: ५.५ कि.मी आंशिक: २०. कि.मी	पूर्ण: १४ आंशिक: २

स्वास्थ्य चौकी (खोप केन्द्र)	बैंक तथा सहकारी संस्था	जलबिधुत आयोजना
पूर्ण: २ आंशिक: ०	पूर्ण: १४ आंशिक: ०	पूर्ण: ६ आंशिक: ०

निजी सवारी साधन	उद्योग/व्यवसाय	प्रभावित रोजगारी संख्या
पूर्ण: ९७ आंशिक: २	पूर्ण: ३४१ + आंशिक: ०	१३०० जना

माथी उल्लेखित विवरणहरू प्राप्त हुने क्रममा रहेका कारण, परिवर्तन हुन सक्ने। मिति २०८३ असोज २७ गते सम्म

३. प्रभावित क्षेत्रको घरधुरी संख्या (स्थानीय तहगत)

सि.न.	स्थानीय तह	वडा नं.	पुर्ण क्षति	आंशिक क्षति	जम्मा
१	विदुर नगरपालिका	१	४०१	०	४०१
२	विदुर नगरपालिका	३	११०	०	११०
३	विदुर नगरपालिका	४	९६	४	१००
४	विदुर नगरपालिका	५	४९६	१७१	६६७
५	विदुर नगरपालिका	६	२१	२९९	३२०
६	विदुर नगरपालिका	७	१७५	२१९	३९४
७	विदुर नगरपालिका	८	३	०	३
८	विदुर नगरपालिका	९	१३६	४१	१७७
९	विदुर नगरपालिका	१०	२५२	१३०	३८२
१०	बेलकोटगढी नगरपालिका	५	१२	३८	५०
११	बेलकोटगढी नगरपालिका	७	५५	२५	८०

सि.न.	स्थानीय तह	वडा नं.	पुर्ण क्षति	आंशिक क्षति	जम्मा
१२	बेलकोटगढी नगरपालिका	८	४८	१७	६५
१३	किस्पाङ्ग गाँउपालिका	५	३४	-	३४
१४	तार्केश्वर गाँउपालिका	२	३	-	३
१५	तार्केश्वर गाँउपालिका	४	१८	२७	४५
जम्मा			१,८६०	९७१	२,८३१

४. खोज तथा उद्धार

१. स्थानीय आवश्यकताको आधारमा नेपाल प्रहरीबाट खोज तथा उद्धारका कार्यहरू भईरहेको। करिब ४४२ जना नेपाल प्रहरी खोज तथा उद्धारका कार्यमा परिचालन भएको।

२. बाढिबाट प्रभावित बिभिन्न २ स्थानहरुमा सशस्त्र प्रहरी बल, नेपालबाट Forward Base स्थापना गरी CSSR, Disaster Management Team परिचालन भइरहेको। करिब २३० जना सशस्त्र प्रहरी बल खोज तथा उद्धारका कार्यमा परिचालन भएको।

५. सडक सञ्चालन

१. गल्छी-देवीघाट सडक खण्डको ठुलो खोला पुल सफा गरी सडक संचालनमा रहेको तर पानी पुल माथिबाट बगिरहेको। रातमाटेको कटान भएको सडक खण्ड बनाउने कार्य भई संचालनमा रहेको।

२. देवीघाट स्थित तादी खोलामाथिको पुल त्रिशुली नदीमा आएको बाढीले बगाएर यातायात अवरुद्ध भएकोमा सो खोलामा एक्रो ब्रिज (ACRO BRIDGE) जडान कार्य सम्पन्न भई सडक सुचारू भएको।

३. नुवाकोट र रसुवा जोड्ने वेत्रावतीमा बेली ब्रिज बनाउने कार्य सम्पन्न भई सडक सुचारू भएको।

बैकल्पिक सडक

१. बाहुनेबेसी-लच्याङ्ग-पारच्याङ्ग-धुन्चे जाने सडकमा साना सवारी साधन संचालनमा रहेको।

२. विदुर-चोगते, बोरेभञ्ज्याङ्ग- लच्याङ्ग- जिरो किलो- धुञ्चे जाने सडक खण्ड सञ्चालनमा रहेको।

३. गल्छी - कोशीखोला - कोलडाँडा- तार्केश्वर-२ वडा कार्यालय- छत्रेखोला पुल तरेर कुमलटार- लबडाँडा- सिरखाली- बुनीबेसी- कालीखोला- माझीगाँउ हुँदै कोलोनी जाने बैकल्पिक मार्ग सञ्चालन रहेको।

४. नुवाकोटको बिदुर-९ इन्द्रायणी चौर बाट कोलोनी गुम्बामा— ३, देविघाटमा — १, सिमचौरमा— १ गरी जम्मा ५ वटा तुईन निर्माण कार्य सम्पन्न भई सुचारू भएको। उक्त मध्य दुई तुईनलाई मोटरबाट अपरेट हुने गरी बनाइएको।

५. इन्द्रायणी चौर र त्रिशुली गुम्बा बीच सामान ढुवानी सहज गर्नको लागी २ वटा Zip Line निर्माण कार्य सम्पन्न भई सुचारू भएको।

६. ढुंगे बजार क्षेत्रदेखि त्रिशुली कोलोनी क्षेत्र जोड्ने झोलुङ्गे पुलको लट्ठा राख्ने कार्य भइरहेको।

६. स्वास्थ्य

१. मिति २०८३ असोज २७ गते बेलुका ६:०० बजेसम्ममा सशस्त्र प्रहरी बलको मेडिकल टोलीद्वारा ५,८९२ जनाको स्वास्थ्य जाँच गरिएको।

२. मिति २०८३ असोज २७ गते बेलुका ६:०० बजेसम्ममा Level-1 अस्पताल, नुवाकोटमा ५०५ जनाले उपचार सेवा लिएको।

३. मिति २०८३ असोज २७ गतेसम्म जिल्ला जनस्वास्थ्य कार्यालयको समन्वयमा विभीन्न संघ-संस्थाहरुको सहयोगमा सवै होल्डिङ्ग सेन्टरहरूमास मनोसामाजिक परामर्ष १०,६५१ जनालाई र स्वास्थ्य सेवा १४,२५६ जनालाई प्रदान गरिएको।(एउटै सेन्टरमा दैनिक रूपमा सेवा प्रदान गरेको हुँदा, सेवा संख्यामा।)

४. मिति २०८३ असोज २७ गतेसम्ममा प्रभावित क्षेत्रहरूमा ५२,१५५ जनालाई हैजा बिरूद्धको खोप दिईएको।

५. मिति २०८३ असोज २७ गतेसम्ममा बाढी प्रभाववत क्षेत्रमा २३९ जनालाई टी टी खोप, ३ जनालाई टी डी खोप र १० जनालाई ARV खोप प्रदान गरिएको।

७. खानेपानी

१. ३२ वटा खानेपानी आयोजनाहरुको अनुमानित ५८ करोड ६० लाख क्षति भएको र अन्य आयोजनाहरुको विवरण प्राप्त हुने क्रममा रहेको।प्रदेश खानेपानी तथा सरसफाइ डिभिजन नुवाकोटबाट केन्द्रिय कारागार, विदुर खानेपानी, शेरा खानेपानी विदुर, रातमाटे खानेपानी वेलकोटगढी लगायतलाइ विभिन्न साइजको १२,००० मीटर पाइप वितरण गरि पानी संचालनमा सहयोग गरेको ।

२. खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत भक्तपुर डिभिजनबाट १०० के.भि.एको जेनेरेटर, स्टेबलाइजर, विदुर खानेपानी लगायत विभिन्न खानेपानीलाई ३२,००० मीटर पाईप वितरण गरि पानी संचालन भएको।

३. WASH सेवाअन्तर्गत १० वटा नमुना चर्पी निर्माण, १३ स्थानमा पानी परीक्षण, क्लिनिङ किट, वासिङ सेट, बाथिङ सेट, ह्यान्ड वासिङ स्टेशन तथा होल्डिङ सेन्टरमा पानी ट्यांकरमार्फत सेवा प्रदान गरिएको।

८. राहत वितरण

गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकायका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि रहेको संयन्त्र मार्फत एकद्वार प्रणाली अनुसार राहत वितरण सम्बन्धी कार्य भइरहेको।

१. जिल्ला समन्वय समितिको हल, मैथली व्यारेक र बिदुर नगरपालिकाको कार्यालयबाट राहत संकलन र वितरणको कार्य भइरहेको।

२. मितिः २०८३ असोज २६ गते सम्ममा ५३४ वटा संघ-संस्था मार्फत राहत संकलन भएको।

३. मितिः २०८३ असोज २६ गते सम्ममा २,५५८ वटा ठाउँहरूमा राहत वितरण भएको।

४. मितिः २०८३ असोज २७ गते संकलित भएको र संकलन केन्द्रबाट वितरण भएको विवरण राष्ट्रिय सूचना प्रणालीमा प्रविष्ट हुने क्रममा रहेको।

९. शव व्यवस्थापन

१. मिति २०८३ असोज २७ गते बेलुकासम्ममा कुल ३९ वटा शवको पहिचान भएकोमा ३९ शव आफन्तहरूलाई जिम्मा लगाईएको।

प्रशासकीय अधिकृत

२. मिति २०८३ असोज २७ गते बेलुकासम्ममा विभिन्न स्थानहरुबाट पहिचान खुलेका र नखुलेका गरि २०५ बटा शव फेला परेको।

३. मिति २०८३ असोज २७ गतेसम्ममा रसुवा जिल्लाबाट ल्याईएको १०७ वटा र नुवाकोट जिल्लामा फेला परेका ५ वटा गरी जम्मा ११२ वटा शवको **"पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका (संशोधन सहित), २०७८"** बमोजीम विदुर नगरपालिकाको वडा नं. ६ मा रहेको खम्बाक्याम्प स्थित केन्द्रिय कारागारको खाली जमिनमा व्यवस्थापन गरिएको।

४. मिति २०८३ असोज २७ गते सम्ममा नुवाकोट जिल्लामा २३ शवको पोष्टमार्टम गरी डि.एन.ए Sample संकलन गरिएको र हालसम्म सम्पर्क बिहिन ६९ जना व्यक्तिहरूको परिवारजनको डि.एन.ए Sample संकलन गरिएको।

थप जानकारी तथा विवरणका लागि

Website: http://www.daonuwakot.gov.np
Facebook Page: http://www.facebook.com/daonuwakot0
Dead Body पहिचानको लागिः http://www.nepalpoilce.gov.np